# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गंगादेव गाउँपालिका
## रोल्पा

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गंगादेव गाउँपालिका
## रोल्पा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गंगादेव गाउँपालिका

रोल्पा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्रयाई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**महालेखापरीक्षक**

२०८१ जेष्ठ ११

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ७२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

गंगादेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रोल्पा।

## १. कैफियत सहितको राय

हामीले गंगादेव गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गंगादेव गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू.६ करोड ५४ लाख ४० हजार बेरुजु देखिएको छ। बाँकी बेरुजु असुल गर्नुपर्ने रू.५८ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४६ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु.५ करोड ३८ लाख ४७ हजार, पेस्की रु.१० लाख ६५ हजार रहेको छ। गंगादेव गाउँपालिकाको गतवर्ष सम्म रु.२५ करोड ४९ लाख १० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३२ करोड ३ लाख ५० हजार रहेको छ। गंगादेव गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगादेव गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)
नायब महालेखापरीक्षक

गंगादेव गाउँपालिका, रोल्पा

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २८ | ३१ | ६५४४० | ० | ० | ० | २८ | ३१ | ६५४४० | ५८३४ | ५३८४७ | ४६९४ | ० | ० | ५८५४१ | १०६५ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गंगादेव गाउँपालिका ,रोल्पा | २५५४३३ | ० | ५२३ | २५४९१० | ० | ६५४४० | ३२०३५० |

## ३बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७७।७८ | २.३, ५८.३, ७५ | विभिन्न | ५२३०७१ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गंगादेव गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा, १२४.३८ वर्ग किलोमिटर क्षेत्रफल, ३९ सभासदस्य तथा २० हजार ९ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०८०।०६।९ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन्।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०। ०५ ।०८ देखि २०८०।०६ ।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण

योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति – पालिकाको प्राप्ति भुक्तानी तर्फ रु.१अर्व ६ करोड ७१ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण **अनुसूची -१** मा संलग्न छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

वित्तीय प्रतिवेदन सम्बन्धी विस्तृत जानकारी **अनुसूची** - २ मा संलग्न गरिएको छ।

२.२ **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.१ लाख, यस वर्षको प्राप्ति रु.११ करोड ९४ लाख ८० हजार, यस वर्षको भुक्तानी रु.११ करोड ९४ लाख ८० हजार र बैङ्क मौज्दात रु.१ लाख फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | २२५२३६२६ | ५४६३४३१६६ | ५२०६९६४१४ | ४८१७०३७८ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | २२४२३६२६ | ४२६८६२२४७ | ४०१२१५४९५ | ४८०७०३७८ |
| फरक | १,००,०००।० | ११,९४,८०,९१९।० | ११९४८०९१९।० | १०००००।० |

उल्लेखित अनुसार एकिकृत आर्थिक विवरण र वैक मौज्दात विवरण अनुसार बैकमा रु.१ लाख कम देखाएकोले उक्त रकम एकिन गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ।

२.३ **बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण उलेखित अनुसार १ लाख फरक देखिए पनि निम्नानुसार फरक देखिदैन। पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण बैङ्क उक्त रकम फरक परेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४६४९६७०३ | ४६४९६७०३ | |
| चालु खर्च खाता | ६२२७९ | ६२२७९ | |
| धरौटी मौज्दात | १५११३९६ | १५११३९६ | |
| बैङ्क मौज्दात | ४८०७०३७८ | ४८०७०३७८ | ० |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

२.४ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.२८ लाख २७ हजार भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२.५ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८ करोड ३९ लाख ३६ हजार १०९ सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

## ३ बजेट तथा कार्यक्रम

३.१ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३

मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उप प्रमुखले मिति २०७९।३।१० मा रु.५१ करोड ६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।३१ पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

३.२ **योजना तथा वजेट कार्यान्वयन -** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१३ करोड ४० लाख भएकोमा प्रथम चौमासिकमा रु.२ करोड ६८ लाख २१ हजार, दोश्रो चौमासिकमा रु.१ करोड १४ लाख ६३ हजार, तेस्रो चौमासिकमा रु.११ करोड९९ लाख ६ हजार र असार महिनामा मात्रै रु.७ करोड ८२ लाख ६८ हजार खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१३ करोड ४० लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.१ करोड ७९ लाख ५० हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ३.५१ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

३.३ **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार वडागत र पालिकास्तरका कुल १२२ योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.५० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि ५० लाख सम्मका योजना | रु.५लाख भन्दा कमका योजना |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १२२ | ८ | ३९ | ७५ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.४ **क्षेत्रगत बजेट र खर्चको स्थिति**ः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । सामाजिक विकासमा ६२.०५ प्रतिशत खर्च देखिएतापनि पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउन नसकेको तथा प्राथमिकतामा राखेको पाईएन ।

| क.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१५६५००० | ११३८३१३९ | २.८४ |
| २ | पूर्वाधार विकास | ३६८३४००० | २९३५५३७७ | ७.३३ |
| ३ | सामाजिक विकास | २८१७६०००० | २४८५१७३०४ | ६२.०५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२१९२००० | १०७२९२८६ | २.६८ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १५८२५७०७५ | १००५३७०८९ | २५.१ |

## ४ कानून निर्माण एवं कार्यान्वयन

४.२ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । विवरण अनुसार गत वर्षको समेत कुल ११ विवाद दर्ता भएकोमा १ फछ्यौंट गर्न वाँकी रहेको देखिन्छ ।विवादको सयमानै टुङ्गो लगाउनु पर्दछ ।

## ५ कर्मचारी व्यवस्थापन

५.१ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ११ कर्मचारीको रु.६८ लाख ५३ हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता

ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५.२ **कर्मचारी व्यवस्था** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरवन्दी वेगरका पदमा १७ जना कर्मचारी नियुक्ति गरी रु.४३ लाख ९७ हजार ४३७ तलव भत्ता भुक्तानी गरेको पाइयो। दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन। जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ। स्वीकृत दरबन्दी बेगर पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४३,९७,४३७ |

६ **सेवाप्रवाहको स्थिति -** यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको ।

| विवरण | जम्मा |
|---|---|
| जन्मदर्ता | ९८३ |
| मृत्युदर्ता | २०३ |
| बसाईसराई दर्ता | २०४ |
| विवाह दर्ता | ३६१ |
| सम्बन्धविच्छेद दर्ता | १३ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा प्रवाहको अभिलेख राखेको देखिएन ।

७ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.१७ लाख ८३ हजार खर्च गरेको छ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।

- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.४४ लाख ४७ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। विविध खर्चतर्फ पालिकाले रू.२७ लाख ७४ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको नदेखिएको
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **आर्थिक सहायता** -पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २ व्यक्तिहरुलाई

रु. २० हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

९ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

१० **पेश्की बाँकी -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.१० लाख ६५ हजार बाँकी म्याद नाघेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु...

| पेश्की लगेको मिति | विवरण | पेश्की लानेको नाम | पेश्की रकम |
|---|---|---|---|
| २०७९।१०।२६ | अभिमुखिकरण तालिम | सकलदेव यादव | १८००००।० |
| २०७९।१०।२६ | अभिमुखिकरण तालिम | सकलदेव यादव | १०००००।० |
| २०७९।१०।२६ | अभिमुखिकरण तालिम | सकलदेव यादव | ५००००।० |
| २०८०।३।२४ | ओईदाम दाम्फु पुल | ओईदाम दाम्फु पुल उ.स. | ३०००००।० |
| २०८०।३।२४ | मौरीकारे ट्रस पुल | मौरीकारे ट्रस पुल उ.स | ४३५०००।० |
| | | जम्मा | १०,६५,०००।० |

| पेश्की | १०,६५,००० |
|---|---|

११ **धरौटी -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ वमोजिम निर्माण व्यवसायी वा आपुर्तिकर्ताको नियम १२३ वमोजिम कट्टा गरी राखेको रिटेन्सन मनी निर्माण कार्यको हकमा त्रुटी सच्याउने अवधि समाप्त भई सकेपछि सम्वन्धित कर कार्यालयमा करविवरण वुझाई सोको प्रमाण पेश गरेपछि धरौटी फिर्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले साइन कम्प्युटर एण्ड ईलेक्ट्रोक्स सप्लायर्सलाई धरौटी रकम रु.१ लाख ५० हजार फिर्ता खर्च लेखेकोमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण वुझाई मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश नभएकोले सोको प्रमाण पेश गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | १,५०,००० |
|---|---|

१२ **मूल्यअभिवृद्धि कर विजक -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समिति मार्फत गर्ने कामको लागत अनुमान तयार गर्दा निर्माण सामग्री खरिदको मूल्यअभिवृद्धि कर समेत समावेश गरी

दर विश्लेषण गरेकोमा देहायका उपभोक्ता समितिले भुक्तानी लगेको मूल्य अभिवृद्धि कर वरावरको मूल्यअभिवृद्धि कर बिजक पेस नगरेकोले मूल्यअभिवृद्धि कर बापत भुक्तानी भएको निम्नानुसारको रु.१ लाख ८७ हजार ५७९ असुल गर्नुपर्ने रु.

| भौ.नं.मिति | कामको विवरण | भुक्तानी भएको मू.अ.कर | विल पेश भएको | वढी मू.अ.कर |
|---|---|---|---|---|
| ५६।८०।३।२१ | सिद्धार्थ मा.वि भवन निर्माण छडको मात्र | १६६६०७।० | ८६१७५।० | ८०४३२।० |
| ११।८०।१।६ | गंगा मा.वि.सिमेन्ट छड नपुग | १२४६८।० | ६९६०।० | ५५०८।० |
| २१।८०।१।३१ | भगवति आ.वि. सिमेन्ट छड नपुग | १६३५१।० | ११२०२।० | ५१४७।० |
| ५३।८०।३।२१ | राट्रिय मा.वि.ईट्टाको नपुग | ५८०९१।० | ३४३२०।० | २३७७०।० |
| ५४।८०।३।२१ | जिवनज्योति मा.वि.ईट्टाको नपुग | ५७७११।० | २५७४०।० | २६२३१।० |
| ६४।८०।३।२२ | सरस्वति मा.वि. ईट्टाको नपुग | ५४५२३।० | २६९५४।० | २७५६८।० |
| ६७।८०।२।२२ | गणेश आ.वि. ईट्टाको नपुग | ५४९४१।० | ३४३२०।० | १३११२।० |
| ६६।८०।३।२२ | नेपालराष्ट्रियआ.वि. ईट्टाको नपुग | २२९७१।० | १७१६०।० | ५८११।० |
| ३३।७९।१२।२१ | उपल्लो जांगे गाउँ खा पा | ४१११।० | ३०६७।० | १०४४।० |
| ८६।८०।३।१ | महानेटा रातामाटा घेरेलु भाडाचौर. खा . पा . | १०६७५।० | ८५५३।० | २१२१।० |
| | जम्मा | | | १,८७,५७९।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८७,५७९ |

१३ **वीमा** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ वमोजिम रु २० लाख भन्दा वढी लागत भएको निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्च तथा दुर्घटना वीमा गराउनु पर्ने व्यवस्था रहेकोमा निम्न निर्माण कार्यमा वीमा गराएको पाईएन। नियमावलीको व्यवस्था अनुरुप निर्माण कार्यको वीमा गराउनु पर्दछ।

| कामको विवरण | लागत अनुमान | निर्माण व्यवसायी | सम्झौता रकम |
|---|---|---|---|
| दोमाईखोला पुल निर्माण | ४५७८६११ | ईन्टरटेक प्रा.लि. | ४०७३०४५ |
| स्वास्थ्य चौकी भवन निर्माण | ९५९९५०१ | संवेग कन्ट्रक्सन | ६९०६३४४ |
| मूलखोला भेलडारी खा पा योजना | ९५९९९४७ | जमूना निर्माण सेवा | ७३०८४४३ |
| | | | |

१४ **निर्माण व्यवसायीबाट काम गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ। गाउँपालिका पुँजिगतवाट देहाय अनुसारका उपभोक्ता समितले आफुले पाएको काम सबै निर्माण व्यवसायी मार्फत गराई भुक्तानी लिएको देखिन्छ। खरीद नियमावली वमोजिम उपभोक्ता आफैले सम्पादन गर्ने काम मात्र उपभोक्ता मार्फत गराउनुपर्ने तथा उपभोक्ता समितले आफुले पाएको काम निर्माण व्यवसायी मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो. भौ.नं./ मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | निर्माण व्यसायी | हेभी उपकरणमा खर्च |
|---|---|---|---|---|
| १२।७९।१०।१६ | फारुला लोद चौर सडक | १४४२७६१। | सुनिल एण्ड विजय क | १२९६०००। |
| १८।७९।१०।१७ | वडा नं ४ सहायक वाटो | १५९१४७७। | स्वच्छन्द नि.से | १४३०४००। |
| २२।७९।११।२४ | चाख्लेपालत नाउले सडक | १४७२५१४। | के.वि.ईन्फ्रास्टक्चर | १३२४८००। |
| ४५।८०।१।३१ | वडा नं. ६ सहायक सडक | ११७८८७२। | ईलिगेट कन्ट्रक्सन | १०४४८८८। |
| ४२।८०।१।२९ | वडा नं. ६ सहायक सडक | १२०५९४१। | रोल्पा स्वच्छन्द नि.से | १०६८५२८। |
| ५४।८०।२।१० | वडा नं. ३ सहायक सडक | ११६९३१३ | विभिन्न निर्माण सेवा | १०३५४३२। |
| ६६।८०।२।१९ | वडा नं. ५ सहायक सडक | १४४०३५८। | तारा सक्सेस | १२७६५००। |
| ८०।८०।३।०७ | तल्लो दोभान ठूलोधारा | ५३४६३०। | युवराज कन्ट्रक्सन | ४७२८००। |
| ८५।८०।३।८ | हिले वस्नेत ताखलडाडा | २०४३६५। | ईलिगेट कन्ट्रक्सन | १७३३६००। |

१५ **वढी भुक्तानी -** निर्माण सामाग्री मूल्य जिल्ला दररेट तथा गाउँपालिकाको दर विष्लेषण वमोजिम भुक्तानी हुनु पर्दछ। निम्ननिर्माण कार्यमा ओ.पि.सि. सिमेन्टको स्वीकृत दर प्रति वोरा रु.९०४।० रहेकोमा लागत अनुमान तयार गर्दा रु.१०१७।० समावेस गरी तयार गरेकोमा भुक्तानी हुँदा समेत सोही अनुसार भुक्तानी भएकोले निर्माण कार्यमा प्रयोग भएको सिमेन्टको निम्नानुसारको रु.११३।० प्रति वोराका दरले वढी भुक्तानी भएको रु.३ लाख १४ हजार ४८५ असुल गरी संघीय संञ्चितकोष दाखिला हुनुपर्ने रु.

| भौ.नं.मिति | कामको विवरण | प्रयोग भएको सिमेन्ट वोरा | वढी दर | वढी भुक्तानी |
|---|---|---|---|---|
| ५६।८०।३।२१ | सिद्धार्थ मा.वि भवन निर्माण | १३२४ | ११३।० | १४९६१२।० |
| १०।८०।१।६ | गंगा मा.वि. भवन निर्माण | १०६ | ११३।० | १२०४२।० |
| २१।८०।१।३१ | भगवति आ.वि. भवन निर्माण | १२३ | ११३।० | १३९७५।० |
| ३५।८०।३।५ | सरस्वति मा.वि. भवन निर्माण | ९८ | ११३।० | ११०९१।० |
| ५३।८०।३।२१ | नेपाल राट्रिय मा.वि. भवन नि. | १३० | ११३।० | १४६७०।० |
| ५९।८०।३।२२ | वुद्धि विकास मा वि भवन निर्माण | ११६ | ११३।० | १३५८५।० |
| ५४।८०।३।२१ | जिवनज्योति मा.वि. भवन निर्माण | १२१ | ११३।० | १३७७३।० |

| | | | | |
|---|---|---|---|---|
| ६४।८०।३।२२ | सरस्वति आ.वि भवन निर्माण | ११५ | ११३।० | १३०१२।० |
| | **प्रदेश सरकार पुँजिगत** | | | |
| ४।८०।२।१४ | वुद्धि विकास मा वि भवन निर्माण | ४१९ | ११३।० | ४७४५९।० |
| | **गा पा पुँजिगत** | | | |
| २८।७९।१२।९ | नेपाल राष्ट्रिय आ.वि. | १२० | ११३।० | १३५६०।० |
| | जम्मा | | | ३,१४,४८५।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१४,४८५ |

१६ **कोष स्थापना -** भौ.नं.४१।२०८०।३।१४: कार्यक्रम कार्यान्वयन निर्देशिका शिक्षा २०७९।८० वमोजिम शैक्षिक गुणस्तर तथा प्रविधि मैत्री भौतिक पुर्वाधार र सरोकारवाला क्षमता अभिवृद्धि कार्यक्रमको विद्यालयस्तरमा जोखिमकोष स्थापना तथा संञ्चालनका लागि ४० विद्यालयहरुलाई रु.३० हजारका दरले उपलब्ध गराएकोमा कार्यक्रम वमोजिम कोष स्थापना तथा संञ्चालन गरी सोको प्रमाण पेश भएको देखिएन। निर्देशिका वमोजिम कोष संञ्चालन भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,००,००० |

१७ **सिमा भन्दा बढी उपभोक्ताको काम**

१७.१ संघीय शसर्त पुँजिगत, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१)वमोजिम रु.१ करोड सम्मको निर्माण कार्य उपभोक्ता समिति मार्फत गर्न सकिने व्यवस्था रहेको छ। सिद्धार्थ नमूना मा.वि.आठकोठे भवन निर्माण कार्यका लागि निम्नानुसार रु.१ करोड ११ लाख १७ हजार ४१९ संघीय सरकार शसर्त अनुदानवाट बजेट विनियोजन भई खर्च भएकोमा एक करोड भन्दा वढीको एउटै निर्माण कार्य टुक्रा पारि एउटै उपभोक्ता समिति मार्फत निर्माण कार्य भएको छ।खरिद नियमावलीको व्यवस्था वमोजिमको सीमामा रहि उपभोक्ता समिति मार्फत निर्माण गराउनु पर्दछ। सीमा भन्दा वढीको उपभोक्ता समिति मार्फत भएको निर्माण खर्च अनियमित देखिएको रु.

| क्र.सं. | कमको विवरुण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|
| १ | भवन निर्माण | ९७८४२०१।० | ८७७२१०९।० |
| २ | भवनको लागि फिल्ड निर्माण | १३३३२१८।० | ११७३३२६।० |
| | जम्मा | १११९७४१९।० | ९९,४५,४३५।० |

| | |
|---|---|
| अनियमित भएको | ९९,४५,४३५ |

१७.२ १५।२०८०।०१।२०:आयकर ऐनको दफा ८९(३क) वमोजिम रु.५० लाख भन्दा वढीको उपभोक्ता समिति मार्फत हुने काममा १.५ प्रतिशत कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा रु.११ लाख ७३ हजार ३२६ भुक्तानीमा कर कट्टा नभएकोले रु.१७ हजार ५९९ असुल गरी संघीय संञ्चितकोष दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,५९९ |

१७.३ प्रोभिजनल सम वापतको रकम भुक्तानी गर्दा सो विल वमोजिमको रकम सोधभर्ना हुनुपर्दछ ।सिद्धार्थ मा.वि.भवन निर्माण कार्यको विभिन्न गुणस्तर परीक्षणका लागि प्रोभिजनल सम वापत लागत अनुमानमा समावेस गरिएकोमा सोको विल विना रु.३०हजार भुक्तानी भएको छ। अतः विल विना भुक्तानी भएको उक्त रकममा उपभोक्ताको योगदान कटाई हुन आउने रु.२६ हजार ८९८असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,८९८ |

१८ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| उपभोक्ता समितिको नाम | कामको विवरण | कार्य सम्पन्न रकम |
|---|---|---|
| सिद्धार्थ मा.वि भवन निर्माण | ८ कोठे भवन निर्माण | ९९,४५,४३५ |
| गंगा मा.वि. भवन निर्माण | ४ कोठे भवन निर्माण | ५६,४६,७२६ |
| राट्रिय मा.वि. भवन निर्माण | २ कोठे भवन निर्माण | २८,२३,०९९ |
| जिवनज्योति मा.वि. भवन निर्माण | ४ कोठे भवन निर्माण | ५६१०६५७ |
| सरस्वति मा.वि. भवन निर्माण | ४ कोठे भवन निर्माण | ५६३९३२६ |
| वुद्धि विकास मा वि | ४ कोठे भवन निर्माण | ५६०३३१४ |
| गणेश आ.वि. भवन निर्माण | ४ कोठे भवन निर्माण | ५६४६१७८ |
| नेपालराष्ट्रियआ.वि. भवन निर्माण | ४ कोठे भवन निर्माण | ५६,१४,६३२ |

१९ **डि.पि.आर.निर्माण -** गंगादेव गाउँपालिका अन्तर्गतका विभिन्न ७ खानेपानी योजनाहरुको डि.पि.आर.तयार गर्न रु.१७ लाख ४० हजार ७५० लागत अनुमान स्वीकृत गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी शान्वी एण्ड कम्पनी प्रा.लि.को रु.१७ लाख ३३ हजार ९८५ स्वीकृत गरी कार्य सम्पन्न भई उक्त रकम भुक्तानी भएको

छ। गाउँपालिकामा प्राविधिक कर्मचारीहरुको दरवन्दी रहेकोमा गाउँपालिका स्तरीय योजनाको डि.पि.आर.तयार वाह्य परामर्शदातावाट कार्य गराएको, हाल सम्म भएका डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख नराखेको तथा एक योजना कार्यान्वयन भएको वाहेक अन्य योजनाहरुको कार्यान्वयनको सुनिश्चितता नभएकोले वाँकी योजनाहरुको डि.पि.आर.खर्च रु.१५ लाख ४८ हजार ७९८ प्रतिफल विहिन देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,४८,७९८ |

२० **जग्गा खरिद -** जग्गा प्राप्ति ऐन,२०३४ को दफा ३(क) मा सार्वजनिक निकायले जग्गा प्राप्ति सम्वन्धि व्यवस्था रहेकोछ। सो वमोजिम जग्गा प्राप्तिका लागि नेपाल सरकारलाई लेखि पठाउनुपर्नेमा पाखापानीको जग्गा कित्ता ८१५,८१७,८१८, को क्रमस ६०५,१४३०,२७५ वर्गमिटर जग्गा रु.४ लाखमा खरिद गरेको उल्लेख छ। तर खरिद प्रकृया सम्वन्धित कागजात पेश भएन। स्थानीयतहले जग्गा प्राप्ति गर्नुपर्ने भएमा जग्गा प्राप्ति ऐन,२०३४ को प्रकृया पुरा गरी प्राप्ति गर्नुपर्नेमा आफै खरिद गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

२१ **वढी भुक्तानी -** ९।२०७९।९।२८ः उपभोक्ता समितिलाई भुक्तानी दिदा लागत अनुमान वमोजिमको रकम भुक्तानी दिनुपर्छ ।गंगादेव भरिका वाटो मर्मतका लागि उपभोक्ता समिति मार्फत २०७८।७९ मा सम्पादन भएका कामको यो वर्ष रु.५ लाख ४१ हजार २०० भुक्तानी भएकोमा वाटो सफा गर्ने कामको दर २०७८।७९ मा प्रति घन मिटर रु.६५। रहेकोमा रु.७५।० का दरले भुक्तानी भई रु.१०।० प्रति घन मिटर वढी भुक्तानी भएको छ। अतः कुल काम भएको ११ हजार ९८९.५६ घन मिटरको रु.१०।० ले हुन आउने रु.१ लाख १९ हजार ८९५ मा श्रमदान १० प्रतिशत कटाई रु.१ लाख ७ हजार ९०५ वढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०७,९०५ |

२२ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका निर्माण कार्यको लागि प्रतिस्पर्धा नगराई विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु. ४५ लाख १२ हजार खर्च गरेको छ। सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ।

| भौ. नं. | कामको विवरण | लागत अनुमान | निर्माण व्यवसायी | खरिद रकम |
|---|---|---|---|---|
| | **प्रदेश पुँजिगत** | | | |
| १४।८०।३।२४ | वाटो सफा गर्ने कार्य | २४९८९६। | रमेश स्मृती नि से | २४६३९५ |
| १५।८०।३।२४ | नौली स्कुल गेट सडक | ९९४४०१। | के.वि.ई ईन्फ्रास्टक्चर | ९८४८८८ |
| १९।८०।३।२४ | मूलखोला भेलगरी | ९८५६८२। | जमूना निर्माण सेवा | ९८४६६९ |
| | **गाउँपालिका पुँजिगत** | | | |

| | | | | |
|---|---|---|---|---|
| ७।७९।९।७ | कम्प्युटर लगाएत | ९४०२९७। | डिजिटल कम्प्युटर | ९४०३०० |
| ७८।७९।३।७ | कम्प्युटर लगाएत | ६१४९१९। | ग्रेसी ईलेक्ट्रोनिक्स | ६१४९१९ |
| ९६।७९।३।१७ | सोलार तथा कम्प्युटर | ४७४९३०। | लाईफ ईनर्जी प्रा लि | ४७४९३० |
| ९५।८०।३।१२ | सोलार | २६६६८५। | अल ईन वान प्रा लि | २६६६८५ |

२३ **दोहोरो नापी -** सडक निर्माण स्टयान्डर्ड स्पेशिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३(संसोधन २०७५) वमोजिम माटो काट्ने पुर्ने फाल्ने लेवल मिलाउने दोहोरो नापी गर्न नपाउने उल्लेख छ। गाउँपालिकाले निम्न सडकमा पहिरो फाल्ने काम गरेकोमा सम्याउने समेतको नापी गरी भुक्तानी भएको छ। चेनेज नखुलाएको यस किसीमको काम दोहोरो नापी गरी रकम भुक्तानी भएकोले वढी भुक्तानी रकम रु. २३ लाख ८९ हजार ६१९मा उपभोक्ताको योगदान रु.२ लाख ३८ हजार ९६१ कटाई वाँकी रकम रु.२१ लाख ५० हजार ६५८ असुल गर्नुपर्ने रु.

| भौ.नं.मिति | निर्माण कार्य | दोहोरो नापी परिमाण | भुक्तानी दर | जम्मा भुक्तानी |
|---|---|---|---|---|
| १६।८०।२।१९ | वडा नं ५ सडक | १३५० | ६५ | ८७७५०।० |
| २२।७९।११।२४ | चाख्ले पाताल नाउली ओत | २९५८ | ६५ | १९२३२३।० |
| ५४।८०।२।१० | वडा नं ३ सडक | ७०८८.५३ | ६५ | ४६०७५४।० |
| १२।७९।१०।१७ | फारुला लोद चौर सडक | ७८९ | ६५ | ५१२८५।० |
| १८।७९।१०।१७ | वडा नं ४ सडक | ११२२५ | ६५ | ७२९६२५।० |
| ९।७९।९।२८ | गाउँपालिका भरिका सडक | ५३०० | ५० | २६५०००।० |
| ४२।८०।१।२९ | वडा नं ७ का सडक | ८६५.१२ | ६५ | ५६२३२।० |
| ५।७९।९।१ | छिचीकोटे झ्याम सुख्खा ओडार | ११६४ | ६५ | ७५६६०।० |
| ४५।८०।१।३१ | वडा नं ६का सडक | ७२४६ | ६५ | ४७०९९०।० |
| | | जम्मा | | २३,८९,६१९। |
| | | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,५०,६५८ |

२४ **परामर्श खर्च -** उल्लेखित सुकिदह पर्यटकीय तथा धार्मीक स्थल प्रवर्धन निर्माण योजनाको डी पि आर तयार गर्न लागत अनुमान रु.९ लाख ५० हजार ५२६ स्वीकृत गरी एभरेष्ट ईन्जीनियरिङ एण्ड कन्सल्टेन्सी प्रा.लि. संग रु.९ लाख ४८ हजार २११ सम्झौता भई उक्त रकम भुक्तानी समेत भएको छ। निर्माण कार्य हुन नसक्ने राष्ट्रिय वन क्षेत्रको नेपाल सरकारवाट अनुमती नलिई डी.पि.आर.गरी खर्च गरेको रकम सम्वन्धितवाट असुल हुनुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ९,४८,२११ |

२५ **भवन निर्माण त्रुटी सच्याउनुपर्ने -** ठेक्का नंम्बर ३।२०७९।८० स्वास्थ्य चौकी भवन निर्माण वडा नंम्बर ४ को निर्माणका लागि लागत अनुमान रु.९५ लाख ९९ हजार ५८१ स्वीकृत गरी वोलपत्र हुँदा रु.६९ लाख ६हजार ३४४ कबुल गर्ने संवेग कन्ट्रक्सन एण्ड कसल्टेन्सीसंग २०८०।३।२१ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा कार्य सम्पन्न भई रु.६६ लाख ९४ हजार ३३२ भुक्तानी भएको छ।यस सम्वन्धमा देखिएका ब्यहोरा देहायमा उल्लेख छन।

सार्वजनिक खरिद नियमावली, २०६४ तथा निर्माण व्यवसायी संग गरिएको खरिद सम्झौताको विशेष शर्त वमोजिम निर्माण कार्य सम्पन्न भई सकेपछि एक वर्ष त्रुटी सच्याउने अवधि रहने र उक्त अवधिमा निर्माण कार्यमा त्रुटी देखिएमा सच्याउनु पर्ने व्यवस्था रहेको छ ।निर्माण कार्य सम्पन्न भए पनि भर्याङ खुला रहेको, विल अफ क्वान्टिटी वमोजिम रंग रोगन नभएको, खरिद सम्झौता वमोजिम ढलान लगाएतका कार्यमा क्रसर रन एग्रिगेटको प्रयोग गर्ने उल्लेख भएकोमा सोको प्रयोग भएको देखिने गुणस्तर परीक्षण प्रतिवेदन संलग्न नभएको साथै छतवाट पानी रसाएको प्रतिवेदन रहेकोले उल्लेखित त्रुटीहरु निर्माण व्यवसायी मार्फत गराउनुपर्ने अन्यथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ को उपनियम २ वमोजिम निजको कार्यसम्पादन जमानत रु.१५ लाख २४हजार ४७५ तथा रिटेन्सन प्रयोग गरि त्रुटी सच्याउनुपर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १५,२४,४७५ |

२६ **प्रतिस्पर्धा -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ र ३क वमोजिम निर्माण कार्यको प्रतिस्पर्धालाई संकुचित र सीमित नहुने गरी खरिद योजना वनाई निर्माण कार्य गर्नुपर्दछ। ठेक्का नंम्बर १।२०७९।८० मूलखोला देखि भेलडारी खानेपानी योजना वाट लागत अनुमान रु. ९५ लाख ९९ हजार ९४५ भन्दा २३.९३ प्रतिशत न्युन रु. ७३ लाख २ हजार ४४१ मा जमुना निर्माण सेवावाट कार्य भई कार्य सम्पन्न समेत भएको छ।उक्त स्थानमा पुन कोटेसन वाट जमुना निर्माण सेवालाईनै रु.९ लाख ८५ हजार ६८२ लागत अनुमानको काम गराई रु.९ लाख ८४ हजार ६६९ भुक्तानी भएको छ । यसरी सुरु लागत अनुमानमानै उक्त परिमाण थप गरि वोलपत्र द्धारा कार्य गर्नुपर्नेमा खरिद योजनमा समावेस नगरि प्रतिस्पर्धालाई संकुचित र सीमित हुने गरी निर्माण कार्य गर्दा वढी लागत पर्ने गरी निर्माण कार्य गराएको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ९,८४,६६९ |

२७ **निर्माणस्थलको तयारी नभई ठेक्का र ठेक्का अन्त्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम ३ वमोजिम निर्माणस्थलको तयारी नभई, निर्माणस्थलको रुख विरुवा हटाउने सुनिश्चित नभई तथा कानुन वमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन नभई बोलपत्र आब्हान गर्न नहुने व्यवस्था रहेको छ।सुकीदह धार्मिक स्थल प्रवर्धन तथा निर्माण योजनाको खरिद नियमावलीमा भएको ब्यवस्थावमोजिम निर्माणस्थलको पुर्वतयारि नगरी रु.९५ लाख ९९ हजार ९२२ लागत अनुमान स्वीकृत गरी मिति २०७९।०९।१४ मा बोलपत्र आब्हान भएकोमा निर्माण व्यवसायी रमेश स्मृती कन्ट्रक्सनको कबोल रकम रु.७८ लाख ६७ हजार २८६ स्वीकृत गरी पाँच महिना भित्र

सम्पन्न गर्ने गरी २०७९।११।१० मा सम्झौता भएकोमा निर्माण कार्य हुन नसकी ठेक्काको सुविस्ताको आधारमा अन्त्य गरीएको छ।यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छन।

यस निर्माण कार्यको निर्माणस्थल राष्ट्रिय वन क्षेत्रमा पर्ने भएकोले डिभिजन वन कार्यालय लिवाङको २०७९।१२।०९ मा निर्माण कार्य रोक्का गर्न पत्राचार भएको तथा राष्ट्रिय वन क्षेत्र भएकोले उक्त स्थानमा निर्माण कार्य हुन नसक्ने भनी डिभिजन वन कार्यालयवाट पटक पटक पत्राचार भए पश्चात सार्वजनिक खरिद ऐनको दफा ५९(४) वमोजिम खर्च भएको रकम सोधभर्ना गरी सुविस्ताका आधारमा ठेक्का अन्त्य गर्न २०८०।२।१ मा निर्माण व्यवसायीले अनुरोध गरेकोमा सोही वमोजिम ठेक्का व्यवस्थापन खर्च रु.८१ हजार ३५० तथा केही काम भएको मूल्याङकन रु.५ लाख ५७ हजार २७० समेत रु.६ लाख ३८ हजार ६२० भुक्तानी गर्ने गरी २०८०।३।२१ मा ठेक्का अन्त्य भएकोछ ।यसरी खरिद नियमावली वमोजिमका निर्माण कार्य पुर्वका तयारी कार्यहरु सम्पन्न नगरी ठेक्का व्यवस्था गर्दा भएको खर्चवाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३८,६२० |

२८ **वढी दरमा भुक्तानी -** सडक निर्माण स्टयान्डर्ड स्पेशिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३(संसोधन २०७५) वमोजिम पहिरोफाली सडक सफाई गर्ने कार्यका लागि तोकिएको नम्स वमोजिम रोल्पा जिल्लाको जिल्ला दररेट अनुसार दर विश्लेषण गर्दा प्रति घन मिटर रु.५४।४८ हुन आउछ पालिकाले सो कामको लागि निम्नानुसार फरक दरवाट भुक्तानी दिएकोले वढी भुक्तानी भएको छ।फरक दरवाट वढी भुक्तानी रकम रु. १३ लाख ९५ हजार १२० मा उपभोक्ताको योगदान रु.२ लाख ९७ हजार २४ कटाई वाँकी रकम रु.११ लाख १६ हजार ९६ असुल गर्नुपर्ने रु.

| भौ.नं.मिति | निर्माण कार्य | नापी परिमाण घ मी | हुनुपर्ने दर रु. | भुक्तानी दर रु. | फरक | वढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १६।८०।२।१९ | वडा नं ५ सडक | २०८३४ | ५४.४८ | ६५ | १०.५२ | २१९१७३ |
| २२।७९।११।२४ | चाख्ले पाताल नाउली ओत | १८८९३ | ५४.४८ | ६५ | १०.५२ | १९८७५४ |
| ५४।८०।२।१० | वडा नं ३ सडक | १४८३० | ५४.४८ | ६५ | १०.५२ | १५६०११ |
| १२।७९।१०।१७ | फारुला लोद चौर सडक | ९५० | ५४.४८ | ६५ | १०.५२ | ९९९४ |
| १८।७९।१०।१७ | वडा नं ४ सडक | २४१८९ | ५४.४८ | ६५ | १०.५२ | २५४४६८ |
| ९।७९।९।२८ | गाउँपालिका भरिका सडक | १७२८९ | ५४.४८ | ५० | १०.५२ | १८१८८० |
| ४२।८०।१।२९ | वडा नं ७ का सडक | १५५११ | ५४.४८ | ६५ | १०.५२ | १६३१७५ |
| ५।७९।९।१ | छिचीकोटे झ्याम सुख्खा ओडार | १६८६ | ५४.४८ | ६५ | १०.५२ | १७७३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४५।८०।१।३१ | वडा नं ६का सडक | १८४३४ | ५४.४८ | ६५ | १०.५२ | १९३९२५ |
| | | जम्मा | | | | १३९५१२०१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,१६,०९६ |

२९ **मूलखोला खानेपानी -**ठेक्का नंम्बर१।२०७९।८० मूलखोला देखि भेलडारी खानेपानी योजना वडा नंम्बर १ को लागि लागत अनुमान रु.९५ लाख ९९ हजार ९४५स्वीकृत गरी बोलपत्र हुँदा रु.७३ लाख २ हजार ४४१कबुल गर्ने जमुना निर्माण सेवा संग मिति २०८०।३।१७ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८०।३।१७ मा कार्य सम्पन्न भई रु.६८ लाख ३५ हजार ३७६ भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छन।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) वमोजिम कार्य सम्पादन जमानत को म्याद निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि भन्दा एक महिना वढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ ।सम्झौता अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि भन्दा एक महिना वढी २०८१।४।१६ सम्मको म्याद हुनुपर्नेमा रु.७ लाख ९१ हजार १८६ को कार्य सम्पादन जमानतको म्याद २०८०।११।१४ सम्म मात्र भएकोले खरिद सम्झौता तथा खरिद नियम वोजिमको म्याद पुग्दैन। जसवाट निर्माण व्यवसायी सम्भावित त्रुटी सच्याउने दायित्व वाट अलग हुन सक्ने अवस्था रहेकोले खरिद सम्झौता वमोजिम म्याद थप गरि पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९१,१८६ |

३० **शिक्षा तर्फ**

३०.१ **दिवा खाजा:** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.११.१ को बुँदा नं. ७.१ मा दिवा खाजा अनुदान रकम निकासा विद्यालयको सक्कल विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्र.अ. र वि.व्य.स.बाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी वास्तविक संख्या यकिन भए पश्चात रकम निकासा गर्नुपर्ने व्यवस्था भएकोमा पालिका अन्तर्गतका ३९ विद्यालयहरुले माग बमोजिमको रकम बराबर हुने गरी नगदै वितरण गरेको भर्पाई गरी प्रमाणको रुपमा पेश गरेकोलाई यर्थाथ प्रमाणको रुपमा मानी निम्नानुसार रु.१ करोड ४२ लाख ४६ हजार निकासा भएको देखिन्छ। दिवा खाजा कार्यविधी अनुसार विद्यार्थीलाई खाजानै खुवाउनु पर्नेमा नगद बुझाएको कार्यविधि विपरित देखिन्छ। कार्यविधि वमोजिम दिवा खाजा खुवाउनु पर्दछ।

| क. सं | भौचर नं र मिति | निकासा रकम |
|---|---|---|
| १ | ७२-२०७९.९.२२ | ७८०७०५९ |
| २ | १८०।२०८०।३।१ | ६४३९५०० |
| | जम्मा | १४२४६५५९ |

३०.२ **सामाजिक परीक्षण प्रतिवेदनः** भौ.नं.२२९।२०७९।१०।१७कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.१३.१० मा आधारभूत तथा माध्यामिक विद्यालयहरुलाई सामाजिक परीक्षणको लागी कार्यालयले ३९ विद्यालयहरुलाई रु.४ लाख ४० हजार वजेट उपलब्ध भएकोमा सवै विद्यालयहरुले कार्यविधि अनुसार सामाजिक परीक्षण सम्पन्न गरी सोको प्रतिवेदन बुझाउनुपर्नेमा सो गरेको नदेखिएकोले सामाजिक परीक्षण गरी प्रतिवेदन पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४०,००० |

३०.३ **विद्यालयलाई प्रति विधार्थी अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन सत्यापन नगराइ IEMIS मा उल्लेखित विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा गरेको नियमसंगत देखिँदैन। अनुदानको गाउँ शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको पाईएन। अतः गाउँपालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ र दिवा खाजा खरिद गरेको प्रतिलिपि बील पालिकामा पेश गर्नुपर्दछ।

३०.४ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट नगर स्वय शिक्षकहरुको सवै ३९ विद्यालयहरुलाई १४८ शिक्षकहरुका लागि रु.३ करोड ५६ लाख १९ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो।शशर्त अनुदान वाट तलव भत्ताको व्यवस्था भएकोमा समानीकण शिर्षकवाट खर्च लेखेको अनियमित देखिएको रु,

| | |
|---|---|
| अनियमित भएको | ३,५६,१९,००० |

३०.५ **पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८७९ को क्रियाकलाप नं २.४.६.१मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा निःशुल्क पाठ्यपुस्त अनुदान दिने व्यवस्था छ ।पालिकाले निकासा दिएकोमा देहायका विद्यालयहरुलाई विद्यार्थी संख्या भन्दा रु.८७ हजार १७१बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

| विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|
| श्री जिवनज्योति मा . वि | कक्षा ५ को १० सेट रु ६४१ प्रति सेट | ६४१०।० |
| श्री सिद्धेश्वरी प्रा वि | कक्षा ३ को ४ सेट रु ५८२ प्रति सेट | २३२८।० |

| | | |
|---|---|---|
| श्री विरेन्द्र माध्यमिक विद्यालय | कक्षा ३ को ६ सेट रु ५८२ प्रति सेट | ३४९२।० |
| | कक्षा २ को ७ सेट ५५७ प्रति सेट | ३८९९।० |
| | कक्षा १ को ५ सेट रु ५२१ प्रति सेट | २६०५।० |
| | कक्षा ६ को ९ सेट रु ७१३ प्रति सेट | ६४१७।० |
| | कक्षा ७ को ८ सेट ७५३ प्रति सेट | ६०२४।० |
| | कक्षा १० को ७ सेट १०५१ प्रति सेट | ७३५७।० |
| श्री गंगा माध्यमिक विद्यालय | कक्षा ७ को ५ सेट रु ७५३ प्रति सेट | ३७६५।० |
| श्री पृथ्वीनारायण मा.वि. जायाचौर | कक्षा १ को ६ सेट रु५२१ प्रति सेट | ३१२६।० |
| | कक्षा २ को २१ सेट रु ५५७ प्रति सेट | ११६९७।० |
| | कक्षा ७ को १५ सेट ७५३ प्रति सेट | ११२९५।० |
| | कक्षा १० को ६ सेट रु १०५१ प्रति सेट | ६३०६।० |
| श्री बुद्धिविकास माध्यमिक विद्यालय | कक्षा २ को ४ सेट रु.५५७ प्रति सेट | २२२८।० |
| | कक्षा ६ को ८ सेट रु.७१३ प्रति सेट | ५७०४।० |
| | कक्षा ७ को ६ सेट रु.७५३ प्रति सेट | ४५१८।० |
| | जम्मा | ८७,१७१।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८७,१७१ |

३०.६ **छात्रवृति निकासा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं ७.२.१.१ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था छ। पालिका अन्तर्गत संचालित विद्यालयहरुमध्ये छात्रवृतीको नमुना छनौटका आधारमा परीक्षण गर्दा देहायका विद्यालयलाई विद्यार्थी संख्या भन्दा रु.१० हजार ८०० बढी निकासा भएकोले असुल गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | छात्रवृति निकासा संख्या | वितरण भएको संख्या | फरक संख्या | वढी निकाशा |
|---|---|---|---|---|---|
| १ | सिद्धेश्वरी प्रा.वि. घरेलीडाँडा | ५६ | ४५ | ११ | ४४०० |
| २ | श्री दशरथ प्रा वि डाँडागाउ | १०० | ९९ | १ | ४०० |
| ३ | गंगा मा.वि. चौताराडाँडा | १५६ | १४८ | ८ | ३२०० |
| ४ | श्री सिद्धार्थ मा वि घोप्टेओडार | १४१ | १३६ | ५ | २००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | भगवती आ वि कुकुरगारे | ११३ | १११ | २ | ८०० |
| | जम्मा | ५६६ | ५३९ | २७ | १०८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८०० |

३०.७ **गयल अवधिको तलव भत्ता -** विरेन्द्र मा वि नाउलीमा कार्यरत शिक्षक कोमल राज डाँगी नियमित विद्यालय उपरस्थित नभएको चौमासिक माग फारामवाट देखिन्छ। नियमित उपस्थित नभएकोमा विदा स्वीकृत गरेको विवरण पेश नभएको तथा सोको अनुगमन गरी हाजिरी प्रमाणित वेगर प्रथम तथा तेस्रो चौमासिकमा सम्पुर्ण रकम निकासा भएकोले दोस्रो चौमासिक वाहेकको तलब भत्ता रु.४ लाख १४ हजार ३४८ सम्वन्धमा एकिन गरी तलव भत्ता भुक्तानी गरेको भरपाई पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१४,३४८ |

३१ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद भुक्तानी भएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३२ **कण्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिजेन्सी खर्चको व्यवस्था गरेको छ। कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यालयबाट भुक्तानी गरिने रकमको ४ प्रतिशत रकम कण्टिजेन्सीको व्यवस्था गरेको छ। कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा खर्च गर्नुपर्दछ । कार्यालयले योजनागत अभिलेख नराखेकोले वर्कचार्ज र अन्य खर्चमा भएको कन्टिन्जेन्सी खर्च यकिन गर्न सकिएन। वर्क चार्ज र अन्य खर्च खुल्ने गरी योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले उक्त खर्च तोकिएको सिमा र सम्बन्धित कार्यमा खर्च गरे नगरेको यकिन गर्न सकिएन। योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखी खर्चलाई पारदर्शी बनाउनुपर्दछ ।

३३ **मर्मत -** भौ.नं.५३२।२०८०।३।२४ पालिकाले आर्थिक वर्ष २०७९।०८० हेभि मेसिनरी तर्फ जनशक्तिको सेवा सुविधा र अतिरिक्त भत्ता बाहेक मर्मतमा रु.२ लाख ८३ हजार ६०९ खर्च भएको छ। पालिकाले आर्थिक वर्ष ०७८।०७९मा आफ्नो हेभी मेसिनरीबाट कुन कुन काम गर्ने सो सम्वन्धमा रेड वुकमा उल्लेख देखिंदैन।

हेभी मेसिनरीबाट भएको कामको लागत अनुमान, नापी र कार्यसम्पन्न पेश भएको देखिदैन। अतः मेसिनवाट भएको कामको को नापी तथा मूल्याङकन राखी खर्च लेख्नुपर्छ ।

३४ **प्रमाण पेश गर्नुपर्ने** -स्वास्थ्य शाखाबाट विभिन्न मितिमा कार्यक्रम गर्दा कार्यक्रममा सहभागी जनप्रतिनिधि स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी र कार्यक्रम सहजकर्ता लगायतका कर्मचारीहरुको पारिश्रमिक बैक खातामा भुक्तानी गर्नुपर्नेमा स्वास्थ्य शाखा प्रमुख सकलदेव यादवले भुक्तानी लिएकोमा कर्मचारीहरुलाई सम्बन्धितको बैंक खातामा भुक्तानी दिएको छैन । अतः सम्वन्धित कर्मचारीहरुको पारिश्रमिक वैक खातामा दाखिला गर्ने अन्यथा असुल हुनुपर्ने रु.

| क. सं . | गो. भौ . नं . र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | २३०- २०८०।३।२४ | कर्मचारी पारिश्रमिक करकट्टी बाहेकको रकम | ६६४७३ |
| २ | २२३- २०८०।३।२३ | कर्मचारी पारिश्रमिक करकट्टी बाहेकको रकम | २३८०० |
| ३ | २२६- २०८०।३।२४ | कर्मचारी पारिश्रमिक करकट्टी बाहेकको रकम | १९५०५ |
| ४ | २२२- २०८०।३।२३ | कर्मचारी पारिश्रमिक करकट्टी बाहेकको रकम | २१५४७ |
| ५ | २२१- २०८०।३।२३ | कर्मचारी पारिश्रमिक करकट्टी बाहेकको रकम | ४२२९५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७३,८२० |

३५ **ज्यालादारीमा कामदार** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा १६ जना कामदारहरु ज्यालादारीमा राखि डोर हाजिरमा कार्यपालिकाबाट निर्णय गराई दैनिकी ज्यालादारीको आधारमा कामदार राखी रु.२० लाख १८ हजार खर्च लेखेको छ डोर हाजिरीको भरमा कामदार राखी विभिन्न कामदारलाई फरक-फरक महिना अनुसार सम्झौता गराई बर्ष भरीनै भुक्तानी गरेको छ। कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा मात्र कर्मचारी राखि तलव भत्ता खर्च लेख्नु पर्दछ।

३६ **स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.७४ लाख ४८ हजार सुविधा वापत भुक्तानी भएको छ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ | सभाका सदस्य २४ | जम्मा |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | ० | ९०००० | ८१०००० | ४३२००० | ८६४००० | २१९६००० |
| २ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २४३००० | २१६००० | ७२०००० | १२५७००० |
| ३ | पुस्तक,पत्रीका, | ४८००० | ४८००० | २४३००० | २१६००० | ५७६००० | ११३१००० |
| ४ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ४८६००० | ३६०००० | ८६४००० | १९२६००० |
| ५ | अतिथि सत्कार | ७२००० | ६०००० | ३२४००० | ० | ० | ४५६००० |
| ६ | खानेपानी/बिजुली | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ७ | चाडपर्व खर्च | १५००० | १५००० | ८४००० | ६०००० | १६८००० | ३४२००० |
| ८ | मर्मत सम्भार तथा विद्युत उर्जा | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| | जम्मा | ४१७००० | ४६५००० | २१९०००० | १२८४००० | ३१९२००० | ७४४८००० |

३७ **स्वीकृत प्रस्तावना वेगर बिजक भुक्तानी -** कृषक समुह र गाउँपालिका बीच ५०/५० प्रतिशत व्यहोर्ने गरी रु.१० लाखको व्यवसायिक किवि पकेट विकास कार्यक्रम गर्दा आर्थिक प्रस्तावनामा उल्लेख नभएको विमा शुल्क वापत रु.१७हजार ८९८ भुक्तानी गरीएको छ यसरी सम्झौता शर्त वेगर भुक्तानी भएको रकमको कार्यालयले व्यहोर्ने ५० प्रतिशत हुन आउने रकम रु.८ हजार ९४९ असुल गरी संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,९४९ |

३८ **बिल भरपाई वेगर भुक्तानी -** २३१-२०८०।३।२४ स्वास्थ्य शाखाले गा पा भित्रका विभिन्न स्वास्थ्य चौकीहरुलाई आवश्यक पर्ने सामाग्रीहरु स्वास्थ्य शाखा प्रमुख सकलदेव यादवले रु.१ लाख २० हजार ८४० को स्वास्थ्य सामाग्री खरिद वाफत कार्यालयबाट भुक्तानी लिएकोमा रु.१ लाख ५ हजार ८४० कोमात्र विल भरपाई पेश गरेकोले वेगरको भुक्तानी भएको रु.१५ हजार असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

३९ **फिल्ड भत्ता -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (४१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। पालिकाले प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता तथा अन्यलाई अतिरीक्त समय भत्ता समेत रु.९ लाख ५२ हजार वितरण गरेको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,५२,००० |

४० **ईन्धन खर्च - सा**र्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले ईन्धन खर्चमा यस वर्ष रु.१० लाख ९ हजार खर्च लेखेको छ। सो मध्ये गाउँपालिका अध्यक्षले मात्र प्रयोग गर्ने सवारीसाधनले ८ लाख ४९ हजार ईन्धन खर्च गरेको छ। जुन २०८० जेठ आषाढको मूल्य रु.१७५।० ले ४ हजार ८५१ लिटर तथा दैनीक १३ लिटर अर्थात न्युनतम १० कि.मि. प्रति लि.को दरले दैनीक १३० कि.मी भन्दा वढीका दरले ३६५ दिनै गुड्ने देखियो। जसवाट पालिकाको पदाधिकारी ईन्धन अस्वभाविक रहेकोले यसको नियन्त्रण गरी निश्चित मापदण्ड वनाई ईन्धन खर्चलेख्ने तर्फ ध्यान दिनुपर्दछ ।

४१ **बढी भुक्तानी**

४१.१ कृषि भौ.नं.५।२०८०।२।१८ ओराली कृषक समुहसंग पालिकाले २०७९ माघ ७ मा व्यवसायिक वेसार खेती कार्यक्रमको लागि संझौता गरेकोमा उक्त संझौतामा भुक्तानी दिदाँ ढुवानी खर्च दोस्रो पक्षले नै बेहोर्नु पर्ने भनिए तापनि कृषक समुहलाई उक्त कार्यक्रमको लागि भुक्तानी दिदाँ रु.४ हजार ५०० ढुवानी खर्च भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु,

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५०० |

४१.२ कृषि भौ.नं ३।२०८०।२।९ बिखोला कृषक समूहसंग पालिकाले २०७९ पौष १२ मा व्यवसायिक किवि पकेट विकास कार्यक्रम ५०% अनुदान कार्यक्रमको लागि संझौतामा ढुवानी खर्च दोस्रो पक्षले नै बेहोर्नु पर्ने व्यवस्था भएतापनि कृषक समुहलाई उक्त कार्यक्रमको लागि भुक्तानी दिँदा रु.२४ हजार ढुवानी खर्च समेत भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

४२ **निकासी कर -** कृषिजन्य उत्पादन निकासी कर संकलनका लागि दुईपटक दरभाउपत्र आब्हान गरेकोमा कुनै पनि दरभापत्र नपरेको उल्लेख गरी अमानतवाट कर संकलन गर्ने कार्यपालिकाको २०७९।०८।१५ निर्णय अनुसार निम्नानुसारका ब्याक्तिहरुवाट राजश्व उठाउने निर्णय गरेको देखिन्छ।

| क्र.सं. | निकासी हुने स्थान | जिम्मा लिने ब्याक्ती | रसिद नं. |
|---|---|---|---|
| १ | झ्याम र पातिहाल्ना नाका | टोप वहादुर वली | १ देखि ५० र ५१ देखि १०० १०१ देखि १५० १५१ देखि २०० |
| २ | वसारे चौर नाका वडानं. ४ | लोक वहादुर वली | २५१ देखि ३०० |
| ३ | वडा नं ४ डलसिंगे नाका | जित वहादुर खत्री | २०१ देखि २५० |

उल्लेखित अनुसार नगदी रसिद वुझि मासिक रुपमा राजश्व दाखिला गर्ने सम्झौता भएकोमा गाउँपालिकामा राजश्व दाखिला भएको पाईएन। उठेको राजश्व ब्याज जरिवाना सहित असुल गर्नुपर्दछ ।

उल्लेखित मध्ये झ्याम र पातिहाल्ना नाका टोप वहादुर वलीले रसिद नं.१ देखि ५० तथा १०१ देखि १५० सम्मको रु.४ लाख ७५ हजार ५०० आम्दानी भएकोमा रु.३ लाखमात्र दाखिला भएकोले रु१ लाख ७५ हजार ५०० स्थानीय संञ्चितकोष दाखिला भएको छैन। उक्त नगद स्थानीय संञ्चितकोष दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७५,५०० |

**अनुसूचीहरू**

कार्यालय र स्थान - गंगादेव गाउँपालिका, रोल्पा आर्थिक बर्षः २०७९/८०

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शालिकराम बस्नेत | २०७७-१०-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रेम खत्री | २०७८-९-२७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,८३३,९७१ | ५३,८४७,३३९ | ४,६९३,८२९ | ० | ० | १,०६५,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६५,४४०,१३९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६५,४४०,१३९ |

**अनुसूची -१**

स्थानीय तह :- गंगादेव गाउँपालिका, रोल्पा

| गत बर्षको जिम्मेवारी | | २२४२३६२६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५२२८४५०० | चालु खर्च | २६६४६९७९४ |
| प्रदेश सरकारबाट अनुदान | ३१७६२८५९ | पूँजीगत खर्च | १३४०५२४०१ |
| राजश्व बाँडफाँट | ७४००१०१३ | वित्तीय/अन्य व्यवस्था | १२०१७४२१९ |
| आन्तरिक आय | २४०७३१८.० | | |
| अन्य आय | ८५९८७४७६ | | |
| कुल आय | ५४६४४३१६६ | कुल खर्च | ५२०६९६४१४ |
| बाँकी मौज्दात | | ४८१७०३७८ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -२

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | २६६४६९७९४ |
| | क) नगद | | २ | पूँजीगत खर्च | १३४०५२४०१ |
| | ख) बैंक | २१७२७०७५ | ३ | वित्तिय व्यवस्था भुक्तानी | |
| २ | राजस्व ( आन्तरिक आय) | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | २४०७३१८ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ७४००१०१३ | | ग) अन्य भुक्तानी | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ४ | लगानी | |
| | क) वित्तिय समानीकरण अनुदान | ८७४१२५०० | | ऋण लगानी | |
| | ख) सशर्त अनुदान | २५४८७२००० | | शेयर लगानी | |
| | ग) समपूरक अनुदान | | | अन्य लगानी | |
| | घ) विशेष अनुदान | १००००००० | ५ | धरौटी फिर्ता | ६९३३०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६ | जनश्रमदान फिर्ता | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क) वित्तिय समानीकरण अनुदान | ५०१७००० | ७ | कोष फिर्ता | ३५५४४८१० |
| | ख) सशर्त अनुदान | ८०००००० | ८ | मौज्दात | |
| | ग) समपुरक अनुदान | १२७४५८५९ | | क) बैंक मौज्दात | ४६४९६७०३ |
| | घ) विशेष अनुदान | ६०००००० | | ख)धरौटी मौज्दात | १५११३९६ |
| ५ | अन्य | | | ग)प्रकोप व्यवस्थापन कोष | १६२२७९ |
| | क) पि.एल.जि.एस.पि. | ३८०९४३ | ९ | संघिय अन्तरसरकारी अख्तियारी | |
| ७ | विभिन्न कोषतर्फको आय | | | क)सामजिक सुरक्षा खर्च | ८३९३६१०९ |
| | क)प्रकोप व्यवस्थापन कोष | ० | | | |
| | ख) प्रकोप व्यवस्थापन कोष गत वर्षको जिम्मेवारी | ६२२७९ | | | |
| | ग) स्थानीय लैगिक कोष | १००००० | | | |
| ८ | धरौटी आय | १५७०४२४ | | | |
| ९ | धरौटी गतवर्षको जिम्मेवारी | ६३४२७२ | | | |
| १० | संघिय अन्तरसरकारी अख्तियारी | | | | |
| | क) सामाजिक सुरक्षा | ८३९३६१०९ | | | |
| | जम्मा | ५६८८६६७९२ | | जम्मा | ५६८८६६७९२ |